# आर्थिक वर्ष २०८१/०८२ को बजेट
# वक्तव्य

# सुनकोशी गाउँपालिका
## सिन्धुपाल्चोक
२०८१

**गाउँसभाको चौथो अधिवेशनमा**

**उपाध्यक्ष श्री कान्छी लामाद्वारा प्रस्तुत**

**आ.व.२०८१।०८२ को**

**बजेट बक्तव्य**

**आदरणीय सभाध्यक्ष ज्यू,**
**सभा सदस्य ज्यूहरु,**

१. नेपालको संविधानको धारा २३० बमोजिम सुनकोशी गाउँपालिकाको उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले सुनकोशी गाउँपालिका गाउँसभाको चौथो अधिवेशनको पहिलो बैठकमा आर्थिक बर्ष २०८१/०८२ को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२. मुलुकको समग्र अर्थतन्त्रमा देखिएका समस्या एवम् चुनौतीका कारण सिधा रुपमा गाउँपालिकाको समग्र आम्दानीमा परेको असर, आन्तरिक आयमा भएको संकुचनका कारण घट्दो बजेटको आकारले विकास निर्माण र सेवा प्रवाहमा तात्विक फरक नपार्ने प्रयास गर्दै यो बजेट तयार गरेको छु ।

३. विशेषत गाउँपालिकाले तय गरेको "सुन्दर सुनकोशी, समृद्ध सुनकोशी र सुखी सुनकोशी" भन्ने नारालाई साकार पार्नको लागि दिगो पूर्वाधार विकास सहित शिक्षा, कृषि लगायतका क्षेत्रलाई प्राथमिकतामा राखी यो बजेटलाई समृद्ध सुनकोशीको प्रस्थान विन्दूको प्रस्तुत गरेको छु ।

४. आर्थिक वर्ष २०८१।०८२ को बजेट नयाँ परिस्थितिले सिर्जना गरेको चुनौतीलाई सामना गर्ने र प्राप्त अवसरलाई उपयोग गर्ने तर्फ केन्द्रित रही प्राकृतिक, साँस्कृतिक र विभिन्न भौगोलिक विविधतायुक्त यस गाउँपालिकालाई समृद्ध बनाउन, मानव जीवन रक्षा गर्ने, भविष्यप्रति आधारयुक्त आशा जगाउने र आन्तरिक आयलाई सुदृढ गर्दै तिव्र विकासको बाटोमा लैजाने गरी हाम्रा सम्पूर्ण स्रोत साधन परिलक्षित गर्ने प्रयत्न गरेको छु ।

५. सीमित स्रोत साधनले असीमित माग र बढ्दो आकांक्षा एकैपटक सम्बोधन गर्न नसकिने यथार्थता एकातर्फ छ भने स्रोतको न्यूनताको कारण हामीले चाहे जस्तो विकासका कार्यहरुमा लगानी बृद्धि गर्न सकिएको छैन । यो बजेट तर्जुमा गर्दा नेपाल सरकार र बागमती प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान, वित्तीय समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदान, राजश्व बाँडफाँड र गाउँपालिकाको आन्तरिक आम्दानी समेतको अनुमानमा स्थानीय स्रोत र साधनको परिचालन गुणस्तरीय सेवा प्रवाह, दिगो विकास, उत्पादन र रोजगारी अभिवृद्धि गर्ने योजना र कार्यक्रममा केन्द्रित गरी गाउँपालिकाको समग्र विकासलाई सन्तुलित बनाउने तर्फ ध्यान पुर्याएको छु ।

**श्रद्धेय सभाध्यक्ष**

**एवं सदस्य ज्यूहरु,**

अव म, आर्थिक वर्ष २०८०।०८१ मा यस गाउँपालिकाको आय व्यय तथा सम्पादित महत्वपूर्ण कार्यहरुको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**आ.व. २०८०।०८१ को संशोधित आय**

६. ८. आ.व. २०८०।०८१ मा आय अनुमान ६१ करोड ०१ लाख २२ हजार ८ सय ८२ रुपैँया २२ पैसा गरिएकोमा संघ तथा प्रदेशबाट भएको जेठ महिनासम्म भएको निकासा र प्राप्त परिपत्र अनुसार संशोधत अनुमान रु. ५६ करोड ८९ लाख ८२ हजार ५ सय ५८ रुपैँया ०९ पैसा रहेको छ। यस संशोधित आय तथा योजना अनुसार बजेट कार्यान्वियनको चरणमा रहेको छ। यसले हाम्रा योजना तथा कार्यक्रम कार्यान्वयनमा केही समस्या निम्तन सक्नेछ।

**आ.व. २०८०।०८१ को संशोधित व्ययः**

७. आ.व. २०८०।०८१ मा आय अनुमान अनुसार नै व्यय हुने अनुमान गरिकोमा ५६ करोड ८९ लाख ८२ हजार ५ सय ५८ रुपैँया ०९ पैसा नै व्यय तथा कार्यान्वय भई भुक्तानी सम्पन्न भएको छ।

**आ.व. २०८०।०८१ मा प्राप्त मुख्य उपलब्धिहरुः**

८. संघीय सरकारको अनुदान र गाँउपालिकाको लागत साझेदारीमा गाउँपालिका भित्रका वडा नं. ३ र ४ जोड्ने यमुनाडाँडा झोलुङगे पुल, वडा नं. ५ र ६ जोड्ने पाखरखोला झोलुङ्गे पुल गरी २ वटा स्थामा क्रमश ९८ र ९५ मिटर लामो झोलुङगे पुल निर्माण सम्पन्न भई उद्घाटन समेत सम्पन्न गरिएको छ।

९. संघीय सरकार तथा प्रदेश सरकारसँगको लागत साझेदारीमा सडकहरु स्तरोन्नतीको काम अगाडी बढाइएको छ। जस अन्तर्गत चालु आ.व. को जेठ मसान्तसम्ममा ३.७४ किलो मिटर सडक ढलान, २३.०४ किलो मिटर सडक सडक चौडा गरिएको र ४.१६ मिटर पक्की नाली निर्माण कार्य सम्पन्न गरिएको छ।

१०. गाउँपालिकाको ५० देखि ८० प्रतिशतसम्म अनुदानमा २२५ जनालाई मिनी ट्रिलर, १०० भन्दा बढीलाई गाई, भैँसी तथा बाख्रा पालन सहयोग, विभिन्न प्रकारका बर्षे फलफूलका विरुवा वितरण गरी निर्वाहमुखी कृषि पद्धतीलाई व्यवसायिकता तर्फ रुपान्तरणको पहल शुरु गरिएको छ

११. सीमान्तीकृत जनजातिको रुपमा रहेको पहरी समुदायको जीवनस्तर माथि उठाउन वडा नं. १ मा बसोबास गर्ने पहरी समुदायको हरेक परिवारलाई बाख्राको पाठी, बंगुर, प्लाष्टिक पोखरी, मकै छोडाउने मेशिन, तथा प्लाष्टिक टनेल वितरण सम्पन्न भएको छ।

१२. सूचना प्रविधिको प्रयोगलाई समय सापेक्ष बनाउदै सेवाग्राहीको समयमा भुक्तानी प्रकृयालाई सरल, सहज र प्रशासनिक व्यवस्थापनलाई चुस्तदुरुस्त बनाउनका लागि आ.व.२०८०/०८१

देखि विधुत्तीय भुक्तानी (EFT) बाट भुक्तानी गर्ने व्यवस्था मिलाईएको छ । यसबाट सेवा ग्राहीहरुले सहज रुपले भुक्तानी प्राप्त गर्ने र भुक्तानीकै लागि गाउँपालिकामा धाई रहने अवस्थाकोअन्त्य भएको छ ।

१३. कर्मचारी तथा प्रशासनिक व्यवस्थापनलाई नियमित सेवाका अतिरिक्त वडा नं. १, २ र ३ नं. लाई कार्य क्षेत्र बनाई वडा नं.२ मा र वडा नं.४ र ५ लाई सेवा कार्य बनाई वडा नं. ५ मा कृषि र पशु प्राविधिकको व्यबस्था गरी नियमित सेवा तथा आकस्मिक रुपमा देखा परेका महामारी नियन्त्रणको लागि जनशक्ति परिचालनलाई व्यबस्थित गरिएको छ ।

१४. संघीय र प्रदेश सरकारबाट प्राप्त अनुदानको प्रभावकारी कार्यान्वय गरी कार्यसम्पादनलाई नतिजामुखि बनाउने तथा स्वास्थ्य सेवालाई थप बिस्तार गर्दै लैजाने नीति अनुरुप सुनकोशी वडा नं. ७ पाङ्ग्रेटार स्वास्थ्य चौकीले आधुनिक भवनबाट सेवा दिन शुरु गरेको छ भने ठोकर्पामा रहेको एक एक पाईला अस्पतालाई नियमित रुपमा सञ्चालन गर्नका लागि आवश्यक बजेटको ब्यवस्था गरिएको छ ।

१५. सबै नागरिकलाई स्वच्छ पिउने पानी पुर्याउने यस पालिकाको ध्येय अनुसार प्रदेश सरकारको प्रदेश सरकारको स-शर्त अनुदान रु. २५ लाखमा सुनकोशी- ५ सुनखानीमा तल्लो बुढाथोकी गाउँ खानेपानी योजना निर्माण सम्पन्न भई भुक्तानीको अन्तिम चरणमा रहेको छ ।

१६. समय सापेक्ष रुपमा गाउँपालिकाबासीलाई स्वास्थ्य सेवा प्राप्त गर्नका लागि पक्की भवनबाट सेवा प्रदान गर्ने उद्देश्यले संघीय सरकारको सहयोगमा वडा नं. ३ कालिकामा वडा नं. ४ यमुनाडाँडा र वडा नं. ५ को देवीस्थान स्वास्थ्य चौकी टेन्डर प्रकृया मार्फत थप भवन निर्माण तथा स्तरीकरणको कार्य सम्पन्न हुने चरणमा रहेको छ ।

१७. सुनकोशी गाउँपालिकाको सबै क्रियाकलाप सामाजिक संजाल मार्फत् जानकारी गराउने उदेश्यले सूचनाहरु वेवसाईट र डिजीटल बोर्ड जस्ता सूचना प्रविधिको प्रयोग गरिएको छ ।

१८. गाउँपालिकामा पारदर्शिता र सु-शासन कायम गर्न सार्वजनिक सुनुवाई तथा नियमित रुपमा आवधिक समीक्षाको शुरुवात गरिएको छ भने गाउँपालिकाबाट कार्यान्वयन हुने सम्पूर्ण कार्यक्रमहरु सार्वजनिक सूचना, वेवसाईट र पेज मार्फत भुईँ मान्छेसम्म पुग्ने गरी सूचना संप्रेषणको अभ्यासको शुरुवात गरिएको छ ।

१९. नेपाल सरकारबाट प्राप्त नवीकरणीय उर्जा शीर्षकको रकमबाट आवश्यकता अनुसारका वडाका सडकहरुमा सडक सौर्य बत्ती जडान सम्पन्न भएको छ ।

**श्रद्धेय सभाध्यक्ष**

**एवं सदस्य ज्यूहरु,**

अव म, गाउँपालिकाको समष्टिगत विकासका लागि आर्थिक वर्ष २०८१।०८२ को बजेटका उद्देश्यहरु तथा प्राथमिकताका क्षेत्रहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन् :**

- उत्पादन र उत्पादकत्व अभिबृद्धि गर्नु,
- सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु,

- भौतिक तथा सामाजिक क्षेत्रको विकास,
- श्रोत साधनलाई सन्तुलित र समन्यायिक ढंगले परिचालन गरी गाउँको सन्तुलित विकास गर्ने,
- कृषि तथा पशुपालनको क्षेत्रमा लगानी बढाई गाउँबाट बसाईँ सरेर जाने प्रवृत्ति रोक्ने र गाउँमा समेत आय आर्जन र रोजगारी सिर्जना हुनेमा गाउँवासीलाई आश्वस्त तुल्याउने ।

**आ.व. २०८१।०८२ को लागि विकासका प्राथमिकताका क्षेत्रहरु देहाय बमोजिम रहेका छन् ।**

- गाउँपालिका केन्द्र जोड्ने सडकलाई प्राथमिकतामा राखी विभिन्न सडकहरुको स्तरोन्नती तथा ढलान गरी सडकको गुणस्तरियता अभिबृद्धि गर्ने ,
- मानव संसाधन विकास (शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ र पोषण) मा जोड दिने,
- कृषि सेवा, पशुसेवा, वन तथा वातावरण क्षेत्रको विकास, विस्तार र संरक्षणमा जोड दिने,
- लक्षित वर्ग र समुदायको उत्थानका लागि सामाजिक सुरक्षा र सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गर्ने,
- सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरिय, पारदर्शी र सर्वसुलभ बनाई नागरिकको पहुँचमा अभिवृद्धि गर्ने ।

**बजेट तर्जुमाका आधारहरु**

उल्लेखित उद्देश्य परिपूर्ति गर्न बजेट तर्जुमा गर्दा निम्न आधारहरु लिइएको छु ।

- संघीय सरकारको आवधिक योजना, लक्ष्य, उद्येश्य एवं प्राथमिकता र रणनीतिहरु,
- प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना नीति तथा कार्यक्रम,
- दिगो विकासका लक्ष्यहरु,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- विषयगत समितिको सिफारिस,
- वडा समितिको प्राथमिकताका कार्यक्रमहरु,
- कार्यपालिकाले आवश्यक ठानेका र जनसहभागिता जुट्ने आयोजनाहरु,
- क्रमागत विकासका योजनाहरु ।

**श्रद्धेय सभाध्यक्ष**

**एवं सदस्य ज्यूहरु,**

अब म, आर्थिक वर्ष २०८१।०८२ को लागि प्रस्तावित आय व्ययको अनुमान तथा बजेट कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आ.व. २०८१।०८२ को प्रस्तावित आय व्यय अनुमान**

**आय अनुमान:**

२०. आर्थिक वर्ष २०८१।०८२ का लागि कुल रु.५५ करोड ५२ लाख ३२ हजार ६ सय ५० मात्र आय अनुमान गरेको छु । जसमध्ये आन्तरिक आय तथा सडक बोर्डबाट ५ करोड ४९ लाख ५५ हजार ४ सय पचहत्तर रहने अनुमान गरेको छु । जुन रकम कुल बजेटको ९.९० प्रतिशत रहेको छ । संघीय सरकारको वित्तिय समानीकरण अनुदान तर्फ रु. १० करोड ९७ लाख, राजश्व बाँडफाटबाट रु. ६ करोड ९४ लाख ०४ हजार ५ सय पच्चीस, समपुरक रु. १ करोड ३५ लाख , सशर्त अनुदानबाट रु. २२ करोड ०२ लाख ४१ हजार र विशेष अनुदानबाट रु. १ करोड २५ लाख गरी ४२ करोड ५३ लाख ४५ हजार ५ सय पच्चीस रहेको छ । जुन कुल बजेटको ७६.६० प्रतिशत रहेको छ । त्यस्तै प्रदेश सरकारको समानीकरण अनुदानबाट रु. १ करोड ०९ लाख ७७ हजार, सवारी कर बाँडफाडबाट रु. २ करोड १५ लाख ७६ हजार ६ सय पचास, स-शर्त अनुदानबाट रु. २ करोड २३ लाख ७८ हजार, समपुरक अनुदानबाट रु. २ करोड र गरी ७ करोड ४९ लाख ३१ हजार ६ सय ५० मात्र प्राप्त हुने अनुमान रहेको छ । जुन रकम कुल बजेटको १३.५० प्रतिशत रहेको छ ।

**व्यय अनुमान:**

२१. आगामी आ.व. २०८१।०८२ का लागि कुल रु.५५ करोड ५२ लाख ३२ हजार ६ सय ५० मात्र व्ययको अनुमान गरेको छु । जसमध्ये संघीय सरकारको सशर्त र विशेष गरी रु. २५ करोड २३ लाख ४१ हजार खर्च हुने अनुमान गरेको छु । वडा स्तरीय योजनाहरुको लागि रु. ५ करोड २० लाख रहेको छ । संघ तथा प्रदेशबाट प्राप्त अनुदान र गाउँपालिकाबाट समेत गरी समपुरकमा सञ्चालन हुने गरी रु. ६ करोड ०५ लाख खर्च हुने अनुमान गरेको छु । विषयगत शाखाहरुबाट रु. ५ करोड ४२ लाख ५० हजार खर्च हुने अनुमान गरेको छु । कार्यालय सञ्चालन तथा चालू तर्फ रु. ६ करोड ५५ लाख ६३ हजार ६ सय पचास खर्च हुने अनुमान गरेको छु । प्रदेश सरकारको सशर्त तर्फ रु. २ करोड २३ लाख ७८ हजार खर्च हुने अनुमान गरेको छु साथै गाउँपालिका गौरवका आयोजना तथा विविध तर्फ रु. ४ करोड ८१ लाख ५९ हजार खर्च हुने अनुमान गरेको छु ।

**श्रद्धेय सभाध्यक्ष**

**एवं सदस्य ज्यूहरु,**

अब म, आर्थिक वर्ष २०८०।०८१ को बजेटका कार्यक्रम तथा बिनियोजित बजेटको सार प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१. स्वास्थ्यः**

२२. स्वास्थ्य मानव जगतको सबैभन्दा संवेदनशिल क्षेत्र हो । स्वास्थ्य मानिसको सबैभन्दा ठूलो धन हो । गाउँपालिकाभित्रका विपन्न समुदाय तथा सर्वसाधारणलाई निशुल्क र आधारभूत स्वास्थ्य सेवाको पहुँच पुर्याउनु स्थानीय सरकारको प्रमुख दायित्व रहेको छ । नियमित स्वास्थ्य तथा आयुर्वेद तर्फ समेत गरी संघीय सरकारको शसर्त कार्यक्रमहरु सहित स्वास्थ्य क्षेत्रमा रु. ५ करोड ८३ लाख ७६ हजार बजेट बिनियोजन गरेको छु ।

**२. शिक्षा क्षेत्रः**

२३. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गरी गुणस्तरीय शिक्षा प्राप्त गर्ने बालवालिकाको मौलिक हकको संरक्षण गर्दै अतिरिक्त क्रियाकलाप सञ्चालन, विद्यालयमा सूचना प्रविधिको विस्तार र प्रयोग, शिक्षक दरबन्दी नभएका वा कम भएका विद्यालयमा शिक्षक व्यवस्थापन माध्यमिक तहसम्म निशुल्क शिक्षाको प्रत्याभूति समेत गरी शिक्षा क्षेत्रमा रु. १९ करोड ३२ लाख ४१ हजार बजेट विनियोजन गरेको छु ।

**३. कृषिः**

२४. कृषिको क्षेत्रमा प्रसस्त सम्भावना बोकेको गाउँपालिकाको रुपमा रहेको छ । धेरै कृषकहरु कृषि पेशामा आत्मनिर्भर हुदै गइरहेका छन् । गाउँपालिकाद्वारा सञ्चालित कृषि तथा पशु विकासमा आधारित साना किसान उद्यमसिलता विकास कार्यक्रम अत्यन्त प्रभावकारी सावित भएकोमा सो कार्यक्रमलाई निरन्तरता दिँदै सहित कृषि क्षेत्रमा रु. ८५ लाख ३६ हजार बजेट विनियोजन गरेको छु ।

**४. पशुः**

२५. गाउँपालिका गाई, भैंसी तथा बाख्रा पालनको क्षेत्रमा प्रशस्त संभावना बोकेको गाउँपालिका सबैमा विदितनै छ । बढी भन्दा बढी दुध उत्पादन गर्न प्रोत्साहन गर्न प्रदेश सरकारसँगको सहकार्यमा कृषकलाई दुधमा अनुदान कार्यक्रम सञ्चालन गर्दै पशु सेवा सम्बद्ध कार्यक्रमको लागि रु. ९३ लाख ९८ हजार बजेट विनियोजन गरेको छु ।

**५. पर्यटन, उद्योग तथा सहकारी क्षेत्रः**

२६. कृषिमा रहेको अत्याधिक निर्भरतालाई कम गर्न, उद्यमशीलताको प्रवर्द्धन गर्न सीप विकासको क्षेत्रमा सुनकोशी गाउँपालिकाले महत्व दिदै आएको छ । त्यस्तै सरकार, निजी क्षेत्र र सहकारी क्षेत्रको क्रियाशीलताले अर्थतन्त्रलाई चलायमान बनाउन सक्छ । यसर्थ नेपाल सरकारसँगको सहकार्यमा गरीबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम तर्फ रु.१३ लाख, पर्यटन क्षेत्रमा सितापाइला थपडाँडा पद मार्ग निर्माण सहित पर्यटन, उद्योग तथा सहकारी क्षेत्रको लागि रु. १ करोड ३४ लाख ९४ हजार आठसय पचास बजेट विनियोजन गरेको छु ।

**६. महिला तथा वालवालिकाः**

२७. गाउँपालिकाको कुल जनसंख्याको आधा भन्दा बढी हिस्सा ओगटेका महिलाका लागि छुट्टै कार्यक्रम सञ्चालन गर्दै देशका भविष्यका कर्णधारका रुपमा रहेका समेलाई मध्येनजर गर्दै यस क्षेत्रमा रु.११ लाख ८८ हजार बजेट विनियोजन गरेको छु ।

**७. रोजगारः**

२८. नागिरकको रोजगारी पाउने हकलाई सुनिश्चित गर्नको लागि आर्थिक वर्ष ०७५/०७६ बाट प्रधानमन्त्री रोजगार कार्यक्रम यस गाउँपालिकामा पनि सञ्चालनमा रहेको छ। यस वर्ष पनि संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदान समेत गरी रु. ७६ लाख ०७ हजार विनियोजन गरेको छु।

**८. वन, वातावरण तथा विपद् व्यवस्थापनः**

२९. सुनकोशी गाउँपालिका विपद् जोखिमका दृष्टिकोणले जोखिमयुक्त गाउँपालिकाको रुपमा रहेको छ। यहाँ विशेषत बाढी पहिरोबाट बर्षेनि धन जनको क्षति हुने गरेको छ। मनसुन जन्य निजी आबास पुनरस्थापना तथा पुनरनिर्माण, विपद् बाट भएका क्षतिलाई राहत तथा सम्भावित क्षति न्यूनिकरणको लागि विपद् व्यवस्थापन कोष स्थापनाको वन, वातावरण तथा विपद् व्यवस्थापनका लागि रु. ४० लाख बजेट विनियोजन गरेको छु।

**९. न्यायिक क्षेत्रः**

३०. सरकार हुनुको मूलभूत सिद्धान्त, कार्यपालिकीय, व्यवस्थापकीय तथा न्यायिक तीन वटै राजकीय अधिकारको अलग अलग रुपमा प्रयोग गरी नागरिक कल्याण गर्नु हो। नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले न्यायिक जिम्मेवारी समेत स्थानीय सरकारमा रहने व्यवस्था भएको परिप्रेक्षमा मेलमिलापकर्ता आधारभूत तालिम तथा पुनर्ताजगी कार्यक्रम समत सञ्चालन गर्ने गरी प्रदेश शसर्त सहित न्यायिक कार्य सम्पादनको लागि रु. १६ लाख ७८ हजार विनियोजन गरेको छु।

३१. गाउँपालिका भित्र रहेको सांस्कृतिलाई लोप हुन नदिन परम्परागत मूल्य, मान्यता, विभिन्न जातजाति, भाषाभाषी, धर्मावलम्वी र सम्प्रदायको आफ्नो धर्म संस्कृतिको संरक्षण गर्न पाउने हकलाई सुनिश्चित गर्न र पर्व महोत्सव मनाउन रु. २० लाख एकमुष्ट विनियोजन गरेको छु।

३२. स्थानीय सरकार नागरिकको घरदैलोमा सेवा दिने सरकार हो नागरिकको घरदैलोसम्मको पहुँच वडा कार्यालय मार्फत् पुग्ने गर्दछ। यसरी नागरिकको सेवा पुर्याउने अभिभारा बोकेको वडा कार्यालयको सञ्चालन खर्च बापत प्रति वडा रु. ३ लाख दरले रु २१ लाख तथा वडा स्तरीय पूर्वाधार निर्माणको लागि रु. ५ करोड २० लाख समेत वडा तर्फ रु. ५ करोड ४१ लाख विनियोजन गरेको छु।

३३. नयाँ थालनीको रुपमा गाउँपालिकाले ठूला पूर्वाधार निर्माणा जोड दिनुपर्ने मान्यतालाई आत्मसात गर्दै समपुरक अनुदान नपरेका वडाका लागि रु. २ करोड पचास लाख, संघ तथा प्रदेश सरकारको समपुरक अनुदान सहित पूर्वाधारको क्षेत्रमा रु. १२ करोड २३ लाख ५५ हजार एकसय पचास विनियोजन गरेको छु।

**क्षेत्रगत बजेट बाँडफाँट**

| सुशासन, संस्थागत विकास | | |
|---|---|---|
| रु. **८,०४,३६,६५०।** | ८ करोड ०४ लाख ३६ हजार ६५० रुपैयाँ | १४.४९ प्रतिशत |

| | | |
|---|---|---|
| आर्थिक विकास तर्फ | | |
| रु. **३,८७,८५,८५०।** | ३ करोड ८७ लाख ८५ हजार ८५० रुपैयाँ | ६.९९ प्रतिशत |
| सामाजिक विकास तर्फ | | |
| **रु.२५,७६,५५,०००।** | २५ करोड ७६ लाख ५५ हजार रुपैयाँ | ४६.४० प्रतिशत |
| पूर्वाधार विकास तर्फ | | |
| **रु. १२,२३,५५,१५०।** | १२ करोड २३ लाख ५५ हजार १५० रुपैयाँ | २२.०४ प्रतिशत |
| वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ | | |
| रु. ४०,००,०००। | ४० लाख रुपैयाँ | ०.७२ प्रतिशत |
| वडा गत बजेट | | |
| रु. ५,२०,००,००० | ५ करोड २० लाख रुपैयाँ | ९.३६ प्रतिशत |

**श्रद्धेय सभाध्यक्ष**

**एवं सदस्य ज्यूहरु,**

१. प्रस्तावित बजेट तर्जुमा गर्दा गाउँपालिकाको आन्तरिक आय, संघीय सरकारबाट प्राप्त बजेट, प्रदेश सरकारबाट प्राप्त बजेट तथा प्राथमिकताका क्षेत्र, गाउँ पालिकाको प्राथमिकताका क्षेत्रहरु, नागरिकबाट आवश्यक ठानिएका योजनाहरु, नागरिक समाज, गैर सरकारी संस्थाहरु लगायत सम्पूर्ण महानुभावहरु सबैको अमूल्य सुझावलाई उपलब्ध श्रोत साधनको सीमा भित्र रही समेट्ने प्रयास गरेको छु ।

२. गाँउपालिकाको स्रोत र क्षमता अनुसार विभिन्न समिति, उपसमितिहरु र गाँउ कार्यपालिका बैठकमा व्यापक छलफल गरी बजेटलाई सन्तुलित र दिगो बनाउने प्रयास गरिएको छ । थप योजनाहरुको सञ्चालनको लागि प्रदेश सरकार र संघीय सरकारमा पहल गरिने व्यहोरा समेत अनुरोध गर्न चाहन्छु ।

३. अन्तमा, सबैको सकारात्मक, अर्थपूर्ण र साझेदारीयुक्त सहयोगबाट मात्र बजेट कार्यान्वयनमा सफलता प्राप्त हुने कुरामा दुईमत हुन सक्दैन । तसर्थ प्रस्तुत बजेट कार्यान्वयन, अनुगमन, मुल्यांकनमा आ-आफ्नो तर्फबाट सहयोग पुर्याउन सम्पूर्ण जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, राजनीतिक दल, सरकारी/गैर सरकारी संघ संस्थाहरु, उद्योगी व्यवसायीहरु,

नागरिक समाज, उपभोक्ता समितिहरु लगायत सरोकारवाला सम्पूर्णबाट महत्वपूर्ण र सार्थक सहयोग प्राप्त हुने अपेक्षा गरेको छु । बजेट तथा कार्यक्रम तर्जुमामा सहयोग पुयाउनु हुने सम्पूर्ण गाउँ कार्यपालिका सदस्यज्यूहरु, विषयगत समितिका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु एवं राष्ट्रसेवक कर्मचारीहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु । प्रस्तुत बजेट चालु अधिबेशनको अन्त्यसमम्मा अनुसूचिमा संलग्न आयोजना तथा कार्यक्रमहरुलाई यस सम्मानित सभाको अधिवेशनबाट गहन छलफलका साथ पारित गर्नु हुनेछ भन्ने अपेक्षा गरेको छु ।

**धन्यबाद ।**

**कान्छी लामा**
**संयोजक**
**बजेट तथा कार्यक्रम तर्जुमा समिति**